# मानव अधिकारपत्र

राष्ट्रिय मानव अधिकार आयोगको नियमित प्रकाशन

वर्ष ७ अङ्क ९ फागुन २०८१

## सीड कमिटिमा पेश भएको सातौं आवधिक प्रतिवेदन सम्बन्धी छलफलमा आयोगको सहभागिता



*सीड कमिटिमा सहभागिता जनाउँदै माननीय सदस्य डा. लीली थापा*

संयुक्त राष्ट्र सङ्घीय महिला विरुद्व हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धिजनित समितिमा पेश भएको सातौं आवधिक प्रतिवेदनसम्बन्धी छलफलमा आयोगको तर्फबाट माननीय सदस्य डा. लीली थापाले सहभागिता जनाउनुभएको छ।

उहाँले सीडको ९० औं सत्रलाई सम्बोधन गर्दै सीड कमिटीले नेपाललाई गरेको सिफारिसहरूको कार्यान्वयनमा भएको प्रगतिबारे आफ्नो धारणा प्रस्तुत गर्नुभएको छ । उक्त क्रममा उहाँले नेपालमा विभेदको स्पष्ट र व्यापक परिभाषाको अभाव, बालविवाह र दाइजोजस्ता हानिकारक अभ्याससविरुद्धका कानुनको कमजोर कार्यान्वयन तथा सीमान्तकृत महिलाहरूका लागि अपर्याप्त सहयोगजस्ता समस्याहरू रहेको

उल्लेख गर्नुभएको छ । साथै, प्रजनन् स्वास्थ्यमा पहुँचको अभाव, नागरिकतासम्बन्धी कानुनी अवरोध, कार्यस्थलमा हुने विभेद, अनौपचारिक क्षेत्रमा काम गर्ने र वैदेशिक रोजगारीमा जाने महिलाहरूले भोग्नुपरेका चुनौतीहरूबारे उल्लेख गर्दै उहाँले यस्ता समस्याहरू तुरुन्त सम्बोधन गर्नुपर्ने बिषय औल्याउनुभएको छ ।

यसैगरी समग्र कानुनी सुधार गर्दै राष्ट्रिय मानव अधिकार आयोग र महिला आयोगका सिफारिसहरूको पूर्ण कार्यान्वयन र महिला अधिकार प्रवर्द्धनका लागि संस्थागत सशक्तीकरणको आह्वान गर्नुभएको छ । लैंगिक समानता र न्याय सुनिश्चित गर्न सीड कमिटीलाई नेपालमा सन्धिको पूर्ण कार्यान्वयनका लागि दबाब दिन आग्रह गर्नु भएको छ ।

## राष्ट्रिय मानव अधिकार आयोगसम्बन्धी विधेयक सम्बन्धमा परामर्श कार्यक्रम सम्पन्न



*प्रस्तुतिकरण गर्नुहुँदै कानुन महाशाखा प्रमुख श्यामबाबु काफ्ले*

राष्ट्रिय मानव अधिकार आयोग र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संयुक्त आयोजनामा २०८१ फागुन २२ गते प्रस्तावित राष्ट्रिय मानव अधिकार अयोगसम्बन्धी विधेयकमाथि नागरिक समाजका प्रतिनीधिहरूबीच परामर्श कार्यक्रम सम्पन्न भएको छ ।




*सहभागीलाई स्वागत गर्नुहुँदै आयोगका सचिव*

आयोगका माननीय अध्यक्ष तपबहादुर मगरको अध्यक्षता, कानून महाशाखा प्रमुख श्यामबाबु काफ्लेको प्रस्तुति र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा प्रमुख राजेन्द्र थापाको टिप्पणी रहेको उक्त कार्यक्रममा १०६ जनाको उपस्थिति रहेको थियो ।

गैर सरकारी संघ महासंघका अध्यक्ष, नागरिक समाजका वरिष्ठ सदस्यहरू, वरिष्ठ मानव अधिकारकर्मीहरू, व्यावसायिक संघ संगठनका प्रतिनीधिहरू समेतको उपस्थिति रहेको उक्त कार्यक्रममा प्रस्तावित ऐनले आयोगलाई नेपालको संविधानको धारा २९३ र पेरिस सिद्धान्त बमोजिम स्वतन्त्र, स्वायत्त र सक्षम निकायको रुपमा स्थापित गर्दै आयोगमा कार्यरत कर्मचारीहरूको सेवा, शर्त र सुविधा समेत ऐनबाट सम्बोधन हुनुपर्ने समेतका सुझावहरू प्राप्त भएका थिए । साथै, मानव अधिकार रक्षक सम्बन्धमा थप सशक्त व्यवस्था समावेश गर्न सुझाव प्राप्त भएका थिए ।

कार्यक्रममा आयोगसम्बन्धी व्यवस्थामा अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा सरकारले पेश गर्नुपर्ने आवधिक प्रतिवेदनमा आयोगले सुझाव दिने, आयोगका सिफारिस कार्यान्वयन नगर्ने व्यक्ति, निकाय वा पदाधिकारीलाई




*विधेयक उपर टिप्पणी गर्नुहुँदै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव, राजेन्द्र थापा*

अवहेलनामा कारवाही गर्ने, आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक पूर्व ऐन बमोजिम क्रमशः प्रधान न्यायाधिश र न्यायाधिशको सरह हुनुपर्ने, मानव अधिकार रक्षकसम्बन्धी थप व्यवस्था हुनपर्ने, संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिबाट व्यक्तिगत उजूरीमा सिफारिस भई कार्यान्वयनको लागि प्राप्त उजूरीमाथि आयोगको भूमिका बारेमा उल्लेख गर्नुपर्ने, आयोगले अन्य देशका राष्ट्रिय मानव अधिकार संस्थाहरूसँग समन्वय र सहकार्य गर्नसक्ने तथा आयोगको काम, कर्तव्य र अधिकारमा दण्डहीनता र जवाफदेहीताको विषय पनि थप गरी पीडितको लागि राहत, क्षतिपूर्तिसम्बन्धी कोषको स्थापनासम्बन्धी व्यवस्था गर्न सुझावहरु प्राप्त भएका थिए ।

यस्तै कर्मचारीहरूको हकमा राष्ट्रिय मानव अधिकार सेवाको गठन हुने व्यवस्था विधेकयकमा अनिवार्य रुपमा समावेश हुनुपर्ने, आयोगमा कार्यरत कर्मचारीका कम्तिमा पनि निजामती सेवाका कर्मचारी सरहको सेवा सुविधा हुनुपर्नेर त्यसको लागि उनीहरूको अभिलेख राष्ट्रिय किताबखानामा अनिवार्य रुपमा दर्ता हुने व्यवस्था हुनुपर्ने, आयोगमा २० वर्षभन्दा बढी समय कार्यरत कर्मचारीलाई अवकास हुंदाका बखत २० वर्षपछि गरेको सेवा अवधिको पनि उपदान पाउने व्यवस्था सुनिश्चित हुनुपर्ने, निवृत्तिभरण कोष ऐनले योगदानमूलक निवृत्तिभरण प्रणालीभित्र राष्ट्रिय मानव अधिकार सेवालाई पनि समावेश गरिनुपर्ने, निजामती सेवाका कर्मचारीहरु सरह राष्ट्रिय मानव अधिकार सेवाका कर्मचारीहरूले पनि स्वास्थ्य संस्थाबाट सहुलियत दरमा उपचार पाउनुपर्ने, निजामती सेवा प्रयोजनको लागि नेपाल सरकारले उपलब्ध गराउने सेवा सुविधा राष्ट्रिय मानव अधिकार सेवाका कर्मचारीले पनि स्वतः पाउने व्यवस्था हुनुपर्ने समेतका सुझाव प्राप्त भएका थिए ।



*कार्यक्रमका सहभागीहरू*

## सामाजिक सञ्जाल विधेयक, २०८१ माथि छलफल

नेपाल सरकारले प्रतिनिधिसभामा प्रस्तुत गरेको सामाजिक सञ्जाल विधेयक, २०८१ को सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले आन्तरिक र वाह्य गरी दुई पटक छलफल कार्यक्रम सम्पन्न गरेको छ । प्रस्तावित बिधेयक सम्बन्धमा संसदभित्रै र नागरिकस्तरमा टिकाटिप्पणी भइरहेको सन्दर्भमा बिधेयकभित्र समेटिएका विषयहरू र क्षेत्राधिकारको विषयमा आयोगका कर्मचारीहरूबीच आन्तरिक रूपमा र कानुनबिद् र सरोकारवालाहरूसँग छुट्टाछुट्टै अन्तरक्रिया र छलफल कार्यक्रम गरेको हो ।




*कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै आयोगका मा. अध्यक्ष तपबहादुर मगर*

छलफलबाट दफावार रूपामा विशेषत: विधेयकमा प्रस्तावित बर्हिक्षेत्रीय क्षेत्राधिकारको कार्यान्वयन पक्ष मौन रहेको, न्यायिक/अर्द्धन्यायिकबाट मात्र हुन सक्ने सजाय विभागलाई दिएको विषयमा सूधार हुनुपर्ने सुझाव प्राप्त भएको थियो । यसबाहेक विधेयकमा प्रस्तुत गरिएका विषय संविधानको मर्म र भावना विपरित हुन नहुने, पुनरावेदनसम्बन्धी व्यवस्थामा सूधार हुनुपर्ने, प्रयोगकर्ताको विवरण अदालतको अनुमति नभई कसैलाई दिन नहुने, सजाय तथा जरिवाना अति चर्को भएकोले पुर्नलेखित हुनुपर्ने, प्रयोगकर्ताको हकमा प्रस्तावित सजायमा चेतनामुलक मात्र हुनुपर्ने, देवानी प्रकृतिको कसूरमा फौजदारी प्रकृतिको सजाय गर्न नहुने लगायतका सुझावहरू प्राप्त भएका थिए ।



*कार्यक्रमलाई सम्बोधन गर्दै आयोगका मा. सदस्य मनोज दुवाडी*

दफावार बाहेक कार्यक्रममा सैद्धान्तिक एवम् नीतिगत सुझावहरू पनि प्राप्त भएका थिए । जसमा प्रस्तावित विधेयक नियन्त्रणमुखी नभई निमयनमुखी हुनुपर्ने, कसूरको मात्राअनुसार सजाय निर्धारण हुनुपर्नेमा सबै किसिमका प्रयोगकर्ताको हकमा समान सजाय अन्यायपूर्ण भएको, कसूर कायम गर्ने सन्दर्भमा विधेयकले आपराधिक मनसाय र आपराधिक कार्यको पक्षमा पटक्कै ध्यान नदिएको, सार्वजनिक विषय, क्रियाकलाप र सार्वजनिक जवाफदेहीतामा रहेका व्यक्ति, पदाधिकारी वा निकायको हकमा आलोचना गरी



*कार्यक्रममा उपस्थित विज्ञ र मानवअधिकारकर्मीहरू*

प्रकाशित वा प्रसारित गर्ने कार्य कसूर नहुने व्यवस्था राखिनु पर्ने, विधेयकमा उल्लेख भएका व्यवस्था अन्य प्रचलित कानूनमा समावेश भएका हकमा दोहोऱ्याउन आवश्यक नभएको, प्राविधिक शब्दहरूको परिभाषा नमिलेकोले मिलाउनुपर्ने लगायतका सुझावहरू प्राप्त भएका थिए ।




*कार्यक्रममा आफ्नो धारणा राख्दै महिला मानव अधिकार रक्षक सञ्जालकी अध्यक्ष*

## पीडितको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी छलफल



*आयोगका मा. सदस्य डा. सूर्य ढुंगेल र संयुक्त राष्ट्रसंघ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार शाखा प्रमुख प्रदीप शंकर वाग्ले*

संक्रमणकालीन न्यायसम्बन्धी ऐनमा तेश्रो संशोधन भई पारित भइसकेको सन्दर्भमा सशस्त्र द्वन्द्व पीडितहरूको आर्थिक, सामाजिक तथा संस्कृतिक अधिकार कार्यान्वयनको पक्षबारे सम्बन्धित सरोकारवालाहरूबीच आयोगले छलफल कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा संयुक्त राष्ट्रसङ्घस्थित मानव अधिकारसम्बन्धी उच्चायुक्तको कार्यालय जेनेभाका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार शाखाका प्रमुख, संक्रमणकालीन न्यायिक संयन्त्रका सचिवहरू, सम्बन्धित निकायका सरकारी कर्मचारीहरू, नागरिक समाज, मानव अधिकारकर्मी र नेपालस्थित कुटनीतिक नियोगका प्रतिनिधिहरू र पीडितसहितको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रमबाट संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउन द्वन्द्वको मूल कारणको पहिचान र सम्बोधन आवश्यक भएको, पीडितको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई प्राथमिकता दिनुपर्ने, यसको लागि श्रोतमा पीडितहरूको समेत पहुँच सुनिश्चित हुनुपर्ने, पीडितहरूलाई न्याय प्रदान गर्ने सन्दर्भमा अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानूनको गम्भीर उल्लंघनका पीडितहरूको उपचार र परिपूरणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत मार्गनिर्देशिकालाई मुख्य आधार मानिनुपर्ने, सबैभन्दा बढी वेवास्ता गरिएको सांस्कृतिक अधिकारलाई गम्भीर रूपमा ध्यान दिनुपर्ने लगायतका सुझावहरू प्राप्त भएका थिए ।

प्रकाशित वा प्रसारित गर्ने कार्य कसूर नहुने व्यवस्था राखिनु पर्ने, विधेयकमा उल्लेख भएका व्यवस्था अन्य प्रचलित कानूनमा समावेश भएका हकमा दोहोऱ्याउन आवश्यक नभएको, प्राविधिक शब्दहरूको परिभाषा नमिलेकोले मिलाउनुपर्ने लगायतका सुझावहरू प्राप्त भएका थिए ।

## मानव अधिकार रक्षकहरुको मानव अधिकारको अवस्था अध्ययन



*मधेश प्रदेशका मानव अधिकार रक्षक तथा पत्रकारहरुसँग परामर्श गर्दै आयोगको टोली*

आयोगले मानव अधिकार रक्षक तथा पत्रकारहरूको मानव अधिकारको अवस्थाका सम्बन्धमा अध्ययन सुरु गरेको छ । अध्ययनका लागि सात वटै प्रदेशका २७४ जनासँग लक्षित समुहसँग छलफल कार्यक्रम सम्पन्न गरेको छ ।

छलफलमा सहभागीहरूले मानव अधिकार रक्षकले मानव अधिकार संरक्षण तथा प्रवर्धनका क्रममा सामना गर्नुपरेका समस्याहरू, सूचनामा पहुँच र उनीहरूप्रति राज्यका निकायहरूले गर्ने व्यवहारका सम्बन्धमा चर्चा गरेका थिए । यसैगरी सञ्चारकर्मीहरूले समाचार सम्प्रेषण गर्दा र रक्षकहरूबाट मानव अधिकारका सवालहरूमा पीडितको न्याय र पुन: स्थापनाका लागि भूमिका निर्वाह गर्दा सामना गनुपरेका भौतिक, सामाजिक तथा अनलाईन धम्की, आक्रमण र दुर्व्यवहारका बारेमा समेत छलफल भएका थिए ।



*बागमती प्रदेशका मानव अधिकार रक्षक तथा पत्रकारहरुसँग परामर्श गर्दै आयोगको टोली*

अध्ययन टोलीले मानव अधिकार संरक्षण र संवर्धनका लागि स्थापना भएका सामाजिक संस्थाहरूको दर्ता तथा नवीकरणका क्रममा सामना गर्ने अवरोधहरूका बारेमा पनि मानव अधिकार रक्षकहरूसँग जानकारी लिइएको थियो । मानव अधिकार संरक्षण र संवर्धनका कार्यक्रमहरू सञ्चालनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायमा पहुँचको अवस्था, जटिलता र अबरोधलगायतका सबालमा सहभागीहरूले आफ्नो धारणा राखेका थिए ।

अध्ययनको लागि आयोगको केन्द्रीय कार्यालयबाट मानव अधिकार अधिकृत दिपेन्द्र बहादुर सिंहको नेतृत्वमा अधिकृतहरु रुना महर्जन र नारायण बस्नेतको टोलीले सातै प्रदेशमा पुगी मानव अधिकार रक्षकहरुसँग छलफल गरेका थिए ।



*कर्णाली प्रदेशका मानव अधिकार रक्षक तथा पत्रकारहरुसँग परामर्श गर्दै आयोगको टोली*

सातवटै प्रदेशमा मानव अधिकार रक्षक र पत्रकारहरूसँग भएको छलफलपश्चात् प्राप्त तथ्यलाई समेत मध्यनजर राखी २०८१ फागुन १५ गते "मानव अधिकार रक्षक र पत्रकारहरूको अवस्था" विषयक राष्ट्रिय परामर्श कार्यक्रम आयोजना गरिएको थियो ।

छलफलका क्रममा महिला मानव अधिकार रक्षक, महिला पत्रकार र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक मानव अधिकार रक्षकहरूले सामना गर्नुपरिरहेका समस्या र अवरोध आदि विषयमा सहभागीहरूले आ-आफ्नो भनाइ राख्नुभएको थियो । मानव अधिकार रक्षक र पत्रकारहरूले पेशागत सुरक्षा, आर्थिक असुरक्षा, सामाजिक र भौतिक तथा अनलाइन माध्यबाट हुने विभिन्न आघातहरूका कारण नयाँ पुस्ताका युवाहरूलाई मानव अधिकार रक्षक तथा पत्रकारको रूपमा क्रियाशील गराउन समस्या रहेको भन्दै सहभागीहरूबाट चिन्ता र चासो व्यक्त गरेका थिए ।




*कार्यक्रम सञ्चालन गर्दै मानव अधिकार अधिकृत दिपेन्द्र बहादुर सिंह*

आयोगले मानव अधिकार रक्षक र सञ्चारकर्मीहरूको अवस्थालाई सम्बोधन गर्न आयोगले लक्षित समुह छलफल र अनलाइन गुगल फर्ममार्फत तथ्य तथा तथ्याङ्कहरू सङ्कलन कार्यलाई निरन्तरता दिइरहेको छ । उक्त कार्यक्रममा मानव अधिकार रक्षक र सञ्चारकर्मी गरी ८० जनाको सहभागिता रहेको थियो ।



*राष्ट्रिय परामर्श कार्यक्रममा सहभागिहरु*

## बिबाहको उमेरसम्बन्धी कानुनी व्यवस्था र कार्यान्वनको अवस्था बिषयक छलफल कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोगको आयोजनामा “विवाहको उमेर सम्बन्धमा कानुनी व्यवस्था र यसको कार्यान्वयनको अवस्था” बिषयक छलफल कार्यक्रम मिति २०८१ फागुन ५ गते ललितपुरमा सम्पन्न भएको छ ।



*छलफल कार्यक्रममा भनाइ राख्दै मा. सदस्य डा. लीली थापा*

राष्ट्रिय मानव अधिकार आयोगका मा. सदस्य लीली थापाको अध्यक्षता र प्रतिनिधि सभाका मा. उपसभामुख इन्दिरा रानाको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा विषयगत संवैधानिक आयोगहरुका अध्यक्ष तथा सदस्यहरु, नेपाल सरकारका पूर्वमन्त्री, प्रतिनिधि सभाका माननीय सदस्यहरु, विषयगत मन्त्रालयका प्रतिनिधिहरु, राष्ट्रिय योजना आयोगका सदस्य, राष्ट्रिय मानव अधिकार आयोगका सचिव, सहसचिव तथा कर्मचारीहरु, राष्ट्रिय बाल अधिकार परिषदका पदाधिकारी, नेपाल प्रहरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक निर्देशनालयका प्रतिनिधि, विकास साझेदार संस्थाका प्रतिनिधिहरु सहभागी भई राय, सल्लाह र सुझाव प्रदान गर्नु भएको थियो ।



*छलफल कार्यक्रममा सहभागिहरु*

## चेपाङ समुदायको मानव अधिकार अवस्था अनुगमन



आयोगले चेपाङ समुदायको मानव अधिकार अवस्थासम्बन्धी स्थलगत अनुगमन गरेको छ । आयोगले स्थलगत अवलोकन, मुख्यसूचक अन्तवार्ता, लक्षित समुह छलफल गरी चेपाङ समुदायको मानव अधिकार संरक्षण, सम्मान र प्रवर्धन आदि सवालमा जानकारी लिएको छ ।

गोरखा जिल्लाको गण्डकी गाउँपालिका र धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिकाका चेपाङमा लक्षित समुह छलफल गरेको हो । अनुगमनका क्रममा बाल विवाह, बहुविवाह, शिक्षाको पहुँच, गुणस्तर आवासजस्ता विषयमा राज्यको तर्फबाट थप प्रभावकारी कार्यसम्पादन आवश्यक देखिएको छ ।

चुनढुङ्गाजन्य खानी उत्खनन् उद्योगबाट उत्पादित वायु प्रदूषण र ध्वनी प्रदूषणले स्थानीय समुदाय प्रभावित भएको पाइएको छ । यसैगरी धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिकामा चेपाङ समुदाय परम्परागत थाकथलोबाट विस्थापित भएको पाइएको छ ।

आयोगको अनुगमन टोलीले दुवै जिल्लाको सम्बन्धित स्थानीय तहको जनप्रतिनिधिसँग पनि जानकारी लिएको छ ।

गोरखाका सञ्चारकर्मीहसँग पनि छलफल गरी चेपाङ समुदायको मानव अधिकार अवस्थाबारे जानकारी संकलन गरेको छ । २०८१ फागुन ४ गतेदेखि ८ गतेसम्म सम्पन्न स्थलगत अनुगमनमा आयोगका उपसचिव लोकनाथ बास्तोला र मानव अधिकार अधिकृत किरणकुमार बराम संलग्न भएका थिए ।

नेपाल सरकारले आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन, २०५८ अनुसार चेपाङ समुदायलाई अति सीमान्तकृत आदिवासी जनजाति तथा अल्पसङ्ख्यक समुहमा सूचिकृत गरेको छ । नेपालमा करिब ७४ हजारको संख्यामा चेपाङ समुदाय रहेका छन् ।



## सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी अनुगमन सुरु

आयोगले ११५औं अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भ पारी कार्यस्थलमा महिला कर्मचारीहरू र सेवाग्राहीहरूलाई स्तनपानको लागि सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ कार्यान्वयनको अवस्था सम्बन्धमा अनुगमनको सुरुवात गरेको छ ।

ऐनले कार्यस्थलमा काम गर्ने महिलाहरू र सेवा लिन आउने सेवाग्राहीलाई स्तनपानका लागि छुट्टै कक्षको व्यवस्था गर्न अनिवार्य गरे पनि

प्राय: सार्वजनिक सेवाप्रदायक संस्थाहरू तथा सरकारी कार्यालयहरूमा कार्यान्वयन पक्ष कमजोर देखिन्छ । फलत: यसको असर सेवाग्राहीहरूमा पर्न पुगेको देखिन्छ ।




मानव अधिकार अधिकृतद्धय सनिक्षा बादे र वर्षाकुमारी झाको टोलीले फागुन २० गते नेपाल सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय र कानून मन्त्रालयबाट अनुगमन शुरु गरेको हो । अनुगमनमा कानुनको मर्मअनुसार प्रभावकारी कार्यान्वयन नभएको पाइएको छ । अन्य सार्वजनिक सेवा प्रदायक निकाय तथा कार्यालयहरूमा समेत अनुगमनले निरन्तरता पाउने र अनुगमनमा प्राप्त तथ्यको आधारमा आयोगले प्रतिवेदन तयार पारी नेपाल सरकारलाई कार्यान्वयको लागि सिफारिस गर्नेछ ।

## “मानव अधिकारसम्बन्धी अनुगमनमा महिलाको भूमिका” विषयक छलफल

महिला अधिकार र लैङ्गिक न्यायको प्रवर्द्धन गर्ने उदेश्यसहित ११५औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा “मानव अधिकार अनुगमनमा महिलाको भूमिका” विषयक अन्तरक्रियात्मक कार्यक्रम फागुन २३ गते सम्पन्न भएको छ ।

आयोगका मा. अध्यक्ष तपबहादुर मगरको अध्यक्षता रहेको उक्त कार्यक्रममा महिलाविरुद्धको हिंसाको पहिचान, अनुगमन प्रक्रियामा महिलाको भूमिकाको सुदृढीकरण, नीति सिफारिस र महिला मानव अधिकार रक्षकहरूको सशक्तिकरणका विषयमा छलफल भएको थियो । कार्यक्रममा स्थानीय तथा क्षेत्रीय निकायहरूलाई परिचालन गर्ने र महिला तथा बालबालिकाको मुद्दामा विशेष ध्यान दिने कुरामा समेत जोड दिइएको थियो ।

कार्यक्रममा आयोगका सचिव मुरारिप्रसाद खरेलसहित सबै कर्मचारीहरू र अन्य बिभिन्न सङ्घ-संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । आयोगको सभाहलमा सम्पन्न उक्त कार्यक्रमको सहजीकरण मानव अधिकार अधिकृत बर्षाकुमारी झाले गर्नुभएको थियो ।



## जुगी समूदायको अवस्थासम्बन्धी अन’गमन

नेपालमा वर्षौंदेखि पुस्तौनी रूपमा विभिन्न सत्तलघरहरूमा बस्दै र मन्दिरको सरसफाइ तथा संरक्षण गर्दै आइरहेका नेवार जातिअन्तर्गतको जुगी समूदायका मानिसहरूको बसोबासको अधिकारमा पछिल्लो समय हस्तक्षेप बढ्दै गएको भनी प्राप्त जानकारीको आधारमा राष्ट्रिय मानव अधिकार आयोगले ती समुदायको मानव अधिकार अवस्थासम्वन्धी प्रारम्भिक अध्ययन÷अनुगमन सुरु

गरेको छ ।



आयोगको अनुगमन टोलीले प्रारम्भिक रूपमा काठमाडौँ, ललितपुर, भक्तपुर, बनेपा, पनौती र धुलीखेलका सत्तलघरमा बसोबास गरिरहेका जुगी समूदायको अवस्था सम्बन्धमा प्रत्यक्ष स्थलगत अवलोकन गरी आवश्यक जानकारी संकलन गरेको छ । जुगी समुदायका मानिसहरू सात पुस्तादेखि नै सत्तलघरमा बस्दै आएकोमा पछिल्लो समय परिवारका सदस्य संख्या बढ्दै जाँदा आ-आफनो पेशा व्यवसायमा संलग्न भई अलग-अलग स्थानमा बसोबास गर्दै आएका पाइएको छ । पुस्तौदेखि सत्तलघरमा बस्दै आएका कतिपयले सत्तलघर नजिकै रहेको मठमन्दिरमा सरसफाइ र रेखदेख गर्ने, पूजारीको काम गर्ने भएको हुँदा यो कार्य निरन्तर गर्न पाउनुपर्ने उनीहरूको माग रहेको छ । अनुगमनपश्चात् आयोगले प्राप्त तथ्यको आधारमा सम्बन्धित निकायलाई सिफारिस गर्नेछ ।



## हिरासत कक्षको अनुगमन



हिरासतमा रहेका थुनुवाहरूको मानव अधिकार अवस्था सम्बन्धमा आयोगको कोशी प्रदेश कार्यालयबाट खटिएका अनुगमन टोलीले संखुवासभा, तेह्रथुम, धनकुटा, सुनसरी र मोरङ जिल्लाभित्र रहेका विभिन्न हिरासतहरूको अनुगमन गरेको छ ।



अनुगमनमा विगतका तुलनामा हिरासत कक्षहरूमा आवश्यक सुधार भएको पाइएको छ । विशेषत: अधिकांश हिरासत कक्षहरूमा नयाँ मापदण्डअनुसार महिला, पुरुष तथा बाल निगरानी कक्षहरूको व्यवस्थापन, पर्याप्त उज्यालो, सरसफाइ, शौचालय र पिउने पानीको प्रबन्ध गरिएको पाइएको छ । थुनुवाहरूको न्यायमा पहुँचको सुनिश्चितताका लागि कानून व्यवसायीहरूसँगको सहज सम्पर्क व्यवस्था, थुनुवाहरूको नियमित स्वास्थ्य परीक्षण, परिवारसँगको भेटघाट तथा सम्पर्कको सहज

वातावरण, अध्ययन र मनोरञ्जनको लागि पुस्तकालय, पत्रपत्रिका र खेलसामाग्रीहरूको व्यवस्थापन भएको पाइएको छ ।

इलाका प्रहरी कार्यालय, चैनपुर, इटहरीको भवन जीर्ण र अपर्याप्त भएकोले मातहतमा रहेको प्रहरी चौकी, तरहरामा बाल निगरानी कक्ष र महिला हिरासत कक्षको व्यवस्थापन गरिएको पाइएको छ ।

थुनुवाहरूको लागि तोकिएको न्यूनतम दैनिक सिधाबापतको रकम कम भएकोले खानाको व्यवस्थापनमा समस्या हुने गरेको थुनुवाहरूको गुनासो पाइएको छ । यसबाहेक थुनुवाको उमेर पहिचानमा समस्या हुने गरेको, विधि विज्ञान प्रयोगशालाबाट लागु औषध मुद्दाको परीक्षण प्रतिवेदन आउन ढिलाइका कारण म्याद थप गरी थुनामा राख्नुपर्ने लगायतका समस्याहरु रहेको देखिएको छ । कतिपय हिरासत कक्षहरू जिल्ला अदालत र जिल्ला सरकारी वकिल कार्यालयबाट टाढा रहेकोले म्याद थप गर्न र कानुन व्यवसायीहीहरूको सेवा लिन असहज हुने गरेको प्रहरी अधिकारीहरूको भनाइ रहेको छ ।

अनुगमन गरिएका हिरासतहरूमा थुनुवाहरूलाई प्रहरीद्वारा दिइने यातना लगायतका घटना नभएको थुनुवाहरूबाट जानकारी प्राप्त भएको छ । फागुन १ देखि ७ गतेसम्म भएको अनुगमनमा आयोगको कोशी प्रदृश कार्यालयबाट मानव अधिकार अधिकृतहरू सुदिप्ती सुवेदी र जयन्त थापाको संलग्नता रहेको थियो ।

राष्ट्रिय र अन्तराष्ट्रिय मानव अधिकारसम्बन्धी कानुनहरुले हिरासतमा रहेका थुनुवाहरुको मानव अधिकार संरक्षण र संबर्धनको आवश्यक व्यवस्था गर्नु राज्यको अनिवार्य दायित्वभित्र पर्दछ । राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८, आयोगको छैटौं रणनीतिक योजना (२०२१-२०२६) र कारागार तथा हिरासत अनुगमन मार्ग निर्देशिका, २०६७ बमोजिम आयोगले हिरासत र कारागारहरुको नियमित र आकस्मिक अनुगमन गर्दै आएको छ ।

## बिद्यालयमा बालबालिकामाथी कुटपिट भएको घटनाको अनुगमन



तनहुँ जिल्ला, भिमाद नगरपालिका वडा नं. ६, शान्तिनगरस्थित प्रभात एकेडेमीमा अध्ययनरत बालबालिकाहरूको गालामा शिक्षिकाले नै तातो पन्युले डामेर यातना दिएको भन्ने घटनाको विषयमा आयोगको गण्डकी प्रदेश कार्यालय, पोखराबाट फागुन १ र २ गते स्थलगत अनुगमन गरेको छ ।

२०८१ फागुन २९ गते बिद्यालयमा मासिक परीक्षा चलिरहेको समयमा कक्षा ४ मा अध्ययनरत वेविस परियार, नासर नेपाली, प्रमिश परियार र सौगात सुनारले होहल्ला गर्ने, जिब्रो पड्काउने, मैले नलेखेर के भयो त ? भनेर उल्टै शिक्षकलाई प्रश्न गरेपछि आवेगमा आएर शिक्षिका (नाम गोप्य राखिएको) ले उक्त घटना घटाएको पाइएको छ ।

घाइते बालबालिकाहरूलाई नजिकैको अस्पतालमा लगी उपचार गरिएपछि निजहरूको अवस्था

सामान्य रहेको अनुगमनमा पाइएको छ । निज आरोपित शिक्षिकाले यसअघि पनि पटक पटक बालबालिकाहरूलाई तातो पानीमा हात चोबल्दिने, लठ्ठीले पिट्ने, कन्सिरी तानिदिने गरेको पीडित बालबालिकाहरूले बताएका छन् ।



उक्त घटनाको सम्बन्धमा पीडित बालबालिकाहरूका अभिभावकहरूबाट मिति २०८१ फागुन ३० गते प्रहरी कार्यालयमा जाहेरी दर्ता भई न्यायिक प्रकृयामा गईसकेको पाइएको छ ।

विद्यालयमा कार्यरत शिक्षक कर्मचारीलाई हालसम्म शिक्षक सिकाई विधि र मानव अधिकारका विषयमा कुनै पनि तालिम कार्यक्रमहरू नभएको कारण पनि उक्त घटना हुन पुगेकोले विद्यालयका प्रधानाध्यापक र सहायक प्रधानाध्यापक दुवैबाट मानव अधिकार तथा बाल अधिकारको विषयमा सहजीकरणका लागि आयोगलाई सहयोग गरिदिन समेत अनुरोध भएको थियो ।

बालअधिकार सम्बन्धी महासन्धि, १९८९, नेपालको संविधान र बालबालिका सम्बन्धी ऐन, २०७५ ले कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने व्यवस्था रहेको छ । कुनैपनि बहानामा बालबालिकामाथि गरिने दुर्व्यवहार तथा कुटपिट बालबालिका विरुद्धको कसुरको रूपमा लिइने कानुनी व्यवस्था रहेको छ ।



### आयोगको पक्षमा अदालतको आदेश

राष्ट्रिय मानव अधिकार आयोगलाई समेत विपक्षी बनाई सर्वोच्च अदालत र प्रशासकीय अदालतमा दर्ता भएका मुद्दाहरू मध्ये यस अवधिमा दुईवटा मुद्दामा आयोगको पक्षमा आदेश भएका छन् । ती मुद्दाहरूमा कानून महाशाखा प्रमुख श्यामबाबु काफ्ले र मानव अधिकार अधिकृत सन्ध्याकुमारी पुडासैनीले आयोगको तर्फबाट बहस पैरवी गर्नु भएको थियो ।


डिजाइन तथा लेआउट

अभिषेक चन्द

संकलन / सम्पादन मण्डल

कैलाशकुमार सिवाकोटी
दुर्गा पोखरेल
नेत्रबहादुर गौतम
पवन भण्डारी